नेपाल नागरिक उड्डयन प्राधिकरण
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
सिद्धार्थनगर, रुपन्देही
फोन नं: ०७१-५९७०२६

# प्रशासनिक भवन नजिकैको हालको कार्गो कम्प्लेक्सको छेउमा तोकिएको खाली जग्गामा कर्मचारी चमेनागृह सञ्चालन गर्ने सम्बन्धी खुला बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०१/२२ गते)

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको प्रशासनिक भवन नजिकैको हालको कार्गो कम्प्लेक्सको छेउमा कार्यालयले तोकेको ८५(पचासी) वर्गमिटर क्षेत्रफलको खाली जग्गामा व्यवसायी आफैले अस्थायी प्रकृतिको संरचना निर्माण, सञ्चालन र हस्तान्तरण विधिमा यस कार्यालयको कर्मचारी चमेनागृह सञ्चालनको लागि जग्गाको ५(पाँच) वर्ष अवधिको एकमुष्ट न्यूनतम ठेक रकम रु.७,७१,३७५/-(अक्षरुपी: सात लाख एकहत्तर हजार तीन सय पचहत्तर रुपैया) कायम गरी बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट क्याफे/होटल/रेष्टुरेन्ट/चमेनागृह/रिसोर्ट लगायत यस्तै प्रकृतिका सेवा सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फारम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले २१औं दिन(२०८३/०२/११ गते) भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नंम्बर १०९०१०००६४९१७००१ मा रु.३३९०/-(अक्षरुपी: तीन हजार तीन सय नब्बे रुपैया) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल बैंक भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, लिखित निवेदन, फर्म/कम्पनी दर्ता प्रमाणपत्र(नविकरण/अद्यावधिक सहित)को प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र र बाँकी बक्यौता नरहेको व्यहोराको पत्र यस कार्यालयको राजश्व इकाईबाट लिई कर्पोरेट शाखामा पेस गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिबाट २१औ(२०८३/०२/११ गते) दिनको कार्यालय समयभित्र खरिद गरी २२औं दिन(२०८३/०२/१२ गते) को १२:०० बजेभित्र कार्यालयको कर्पोरेट शाखामा दाखिला गरिसक्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद तथा दर्ता गरिनेछ ।

३. बोलपत्र पेस गर्दा बोलपत्रसाथ फर्म/कम्पनी दर्ता प्रमाणपत्र(नविकरण/अद्यावधिक सहित) को प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि, Gautam Buddha Int'l Airport CAO-SEC को नाममा Himalayan Bank Ltd., Buddhachowk Branch मा रहेको धरौटी खाता नं:१२०५४२५४३०००७७ मा बोलपत्र जमानत रकम रु.३८,५६९/- दाखिला गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तिमा १२० दिन(बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको सक्कल बैंक ग्यारेण्टी, सम्पूर्ण सञ्चालकहरु र बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा र बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा भएको फर्म/कम्पनीको सञ्चालक समिति(Board of Directors) को निर्णय वा निर्णय प्रमाणित गर्ने कागजात, बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्न प्राप्त अख्तियारीनामा पत्र(Power of Attorney), साझेदारी(Joint Venture) फर्म/कम्पनी भए साझेदारी करारपत्र(Partnership Deed) को प्रतिलिपि तथा प्रत्येक साझेदार सञ्चालकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

४.छनौट भएको बोलपत्रदाताले तोकिएको स्थानमा आफ्नै खर्चमा चमेनागृहको निर्माण गर्नुपर्नेछ । अस्थायी संरचनाको Plan बोलपत्र सम्बन्धी कागजातको पाना नं १० मा समावेश गरिएको नमुना डिजाइन वा सो सरह हुनुपर्नेछ । संरचना एक तलाको हुनुपर्नेछ, सो भन्दा बढी वा घटि तला हुने गरी निर्माण गर्न पाइने छैन । संरचनाको Decoration विमानस्थलको भवनसँग मिल्दोजुल्दो र आकर्षक हुनुपर्नेछ । तोकिएको क्षेत्रफलमा एउटा Restroom पनि निर्माण गर्नुपर्नेछ ।
बोलपत्रदातालाई संरचना निर्माण गर्नको लागि सम्झौता भएको मितिदेखि २(दुई) महिनाको तयारी म्याद दिइनेछ । तयारी म्याद समाप्त भए पश्चात बहाल रकम र सम्झौताको अवधि गणना सुरु हुनेछ ।
कार्यालयले निर्माण अवधिमा उक्त संरचनाको अनुगमन गरी सो सम्बन्धमा कुनै सुझाव, निर्देशन दिएमा बोलपत्रदाताले सोको कार्यान्वयन गर्नुपर्नेछ । तत् पश्चात मात्र बोलपत्रदाताले सेवा सञ्चालनमा ल्याउन पाउनेछ ।
सम्झौता अवधि समाप्त भए पश्चात उक्त संरचना निशर्त स्वतः गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको स्वामित्वमा आउनेछ ।
साथै प्रत्येक २(दुई) वर्षमा १०(दश) प्रतिशतका दरले सम्झौता बमोजिमको बहाल रकममा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने बहाल रकम बुझाउनुपर्नेछ ।

५. विमानस्थल सेवा शुल्क नियमावली २०७८ को नियम ४४(३) बमोजिम बोलपत्रदाताले सम्झौताको समयमा कुल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट बहाल रकम अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा पाँच प्रतिशतसम्म छुट दिइनेछ ।

६. प्राधिकरण तथा मातहतका विमानस्थल नागरिक उड्डयन कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्म/कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैनन् ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कर्मचारी चमेनागृह सञ्चालन गर्ने सम्बन्धी बोलपत्र लेखी श्री गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयलाई सम्बोधन गरी कार्यालयको कर्पोरेट शाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. प्राप्त भएका बोलपत्रहरु मध्ये कार्यालयले अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्र छनौट गर्नेछ । छनौट भएको बोलपत्रदाताले यस कार्यालयका कर्मचारीहरु(स्थायी, सेवा प्रदायक र ज्यालादारी)लाई यस कार्यालयले तोकेको मूल्यमा चमेनागृहको सम्पूर्ण सेवा उपलब्ध गराउनुपर्नेछ । स्वस्थ र गुणस्तरीय खाजा/खानाका परिकार उपलब्ध गराउनुपर्नेछ । कार्यालयको प्रशासनिक भवनभित्र चिया, कफी, खाजाको Delivery को व्यवस्था समेत मिलाउनुपर्नेछ । साथै तोकिएका परिकारको मूल्यमा प्रत्येक २(दुई) वर्षमा १०(दश) प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१३. सम्झौता अवधिमा नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा कुनै संशोधन भएमा संशोधित प्रावधान लागू हुनेछ ।

१४. यस सूचनामा नपरेका अन्य विषयहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित कानून बमोजिम हुनेछ ।